# Devanagari Keyboard Layout installation method in Mac

Devanagari Keyboard (Dp) लाई डाउनलोड गर्नुहोस् अथवा तपाईसँग भएको यस किबोर्डको फोल्डरबाट ‘Devanagari Keyboard (Dp).dmg’ फाइललाई म्याक कम्प्युटरको डेस्कटपमा कपि गर्नुहोस्। यदि तपाईले डाउनलोड गर्नु भएको भए पहिला डेस्कटपमा अनजिप गर्नुहोस्। अनि त्यसपछि तपाईंको म्याक कम्प्युटर नयाँ भए न्यूभर्सनको ड्राइभर लिनुहोस्। यस किबोर्डको ड्राइभरलाई डबल क्लिक गरेर खोल्नुहोस्। यदि नयाँ भर्सनको ड्राइभर माउन्ट भएन भने पुरानो भर्सनको ड्राइभर लिएर डबल क्लिक गर्नुहोस्। त्यसपिछ माउन्ट भएको डेस्कटपको फोल्डरबाट इन्स्टलर भन्ने फाइललाई डबल क्लिक गरेर खोल्नुहोस्। त्यसपछि यही फोल्डरमा रहेको ‘ Devanagari Keyboard (Dp)’ लाई क्लिक गरी ड्र्याग गरेर इन्स्टलरमा ल्याएर छोड्नुोस्। त्यसमा बायाँ तिर भएको मानिसको जस्तो चिह्नमा जहाँ रेकोमेण्डेट लेखिएको पट्टि मानिसको जस्तो चिह्नमा क्लि गर्नुहोस्। त्यसपछि तपाईंको इन्स्टलर बन्द हुन्छ। अनि तपाईको डेस्कटपमा माउन्ट भएको किबोर्डको फोल्डलाई राइट क्लिक गरेर ‘Eject’ मा क्लिक गर्नुहोस्। त्यसपछि कम्प्युटरको सेटिङमा जानुहोस् र ल्याङ्ग्येज अप्सनमा गएर ‘किबोर्ड प्रिफेरेन्स’ भन्ने ठाउमा क्लिक गर्नुहोस्। त्यस ठाउँमा ‘+-’ भएको ठाउँमा ‘+’ मा क्लिक गर्नुहोस्। त्यसपछि ‘Others’ भन्ने ठाउँमा क्लिक गरेर ‘Devanagari Keyboard (Dp)’ मा क्लिक गर्नुहोस् र ओकेमा क्लिक गर्नुहोस्। त्यसपछि नेपाली लोक्यालमा राखेर तपाईंले देवनागरी किबोर्डबाट देवनागरी लिपि सजिलैसँग टाई गर्न सक्नु हुनेछ। धन्यवाद।

यदि समस्या भएमा मेरो मोबाइल नं. +९७७-९८४१८८४९५० मा सम्पर्क गर्नु होला।